# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौंको

**समाचार तथा लेख रचना पठाउने सम्बन्धी सूचना**

(प्रकाशित मिति २०७९/०९/१९ )

विभिन्न पत्रपत्रिका, अनलाईन सञ्चार माध्यम, टी.भी., रेडियो, एफ.एम. रेडियोबाट प्रकाशित तथा प्रसारित सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणमा योगदान पु-याउने समाचार तथा लेख रचनालाई पुरस्कृत गर्ने प्रयोजनका लागि समाचार तथा लेख रचना संकलन गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. समाचार तथा लेख रचना पठाउदा आयोगको वेबसाइटमा प्रकाशित फारम भरी पठाउनु पर्नेछ।

२.समाचार तथा लेख रचनाको विषयबस्तु : सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणसँग सम्वन्धित हुनु पर्नेछ।

३. लेख रचनाको शब्द सीमाः न्यूनतम सात सय शब्दको हुनुपर्ने र समाचारको हकमा शब्द सीमा तोकिएको छैन।

४. भाषा : नेपाली वा अंग्रेजी।

५. समाचार तथा लेख रचना पठाउने माध्यम, ठेगानाः अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता गर्न सकिने वा यस आयोगको ईमेलः suchana@ciaa.gov.np मार्फत वा आयोगको वेबसाईट www.ciaa.gov.np उल्लेखित Google form भरी पेश गर्नुपर्ने साथै श्रव्य दृश्य सामग्रीको हकमा ईमेलमा अपलोड हुन नसकेमा पेनड्राईभ वा सी.डी. मा राखी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा पेश गर्न सकिनेछ।

६. समाचार तथा लेख रचना पठाउने अन्तिम मितिः २०७९।१०।०६ गते शुक्रवार ३:०० बजेसम्म।

७. पुरस्कारः समाचार तर्फ (पत्रपत्रिका, अनलाइन, टी.भी. र रेडियो/एफ. एम. रेडियो) रु.२०,०००/ (बीस हजार) नगद र कदरपत्रसहित चारजनालाई र लेख रचनाको हकमा एकजनालाई रु.२०,०००/ (बीस हजार) नगद र कदरपत्रसहित आयोगको स्थापना दिवस २०७९ माघ २८ गतेको अवसरमा आयोजित कार्यक्रममा पुरस्कृत गरिनेछ।

८. समाचार प्रकाशन तथा प्रसारण भएको सञ्चार माध्यम कानून बमोजिम नवीकरण तथा अद्यावधिक भएको हुनपर्नेछ ।

९. समाचारको हकमा पत्रकार आचारसंहिता र राष्ट्रिय आम सञ्चार नीति,२०७३ बमोजिम कारबाहीमा नपरेको हुनुपर्नेछ ।

१०. यस सम्बन्धी थप जानकारीका लागि यस साथै फोन नं. ०१५२६२२९४, ५२६२३९२ वा मोबाईल नं. ९८५११८७३०८ मा सम्पर्क गर्न सकिनेछ।

११. Google Form भर्न यहाँ Click गर्नुहोस् अथवा यहा क्लिक गर्नुहोस https://bit.ly/3Z2K4jh